अनुसूची -३

(नियम ६७ को उपनियम (२), नियम १३७ को उपनियम (२) र नियम २०० को उपनियम (२) सँग सम्बन्धित)

# दक्षिणकाली नगरपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं

## योजना सम्झौता फाराम

१. **सम्झौता गर्ने पक्ष र आयोजनाः**

क) उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाको विवरणः

१. नामः                    २. पदः

३. ठेगानाः

ख) आयोजनाको विवरणः

१. नामः

२. ठेगानाः

३. उद्देश्यः

४. आयोजना स्वीकृत गर्ने निकायः

५.आयोजना शुरु हुने मितिः                    ६. आयोजना सम्पन्न हुने मितिः

२. **आयोजनाको लागत सम्बन्धी विवरणः**

क) लागत अनुमान रु.

ख) लागत व्यहोर्ने श्रोतहरुः

१) नेपाल सरकारबाट रु ........................................ २) जि.वि.स.बाट रु ..................................

३) अन्य स्थानीय निकायबाट रु ................................ ४) गैरसरकारी संघसंस्थाबाट रु .....................

५) समुदायमा आधारित संस्थाबाट रु ........................... ६) विदेशी दातृ संघ संस्थाबाट रु ..................

७) उपभोक्ता समितिबाट रु .................................. ८) अन्यबाट रु. ...................................

**जम्मा रु.** ........................................................................................................

ग) निर्माण सामाग्रीको विवरण

| परिमाण | सामाग्रीको नाम | एकाई |
|---|---|---|
| १. विषयगत शाखाबाट<br>२. जि.वि.स.बाट<br>३. अन्य स्थानीय निकायबाट<br>४. गैरसरकारी संघसंस्थाबाट<br>५. समुदायमा आधारित संस्थाबाट<br>६. विदेशी दातृ संघ संस्थाबाट<br>७. उपभोक्ता समितिबाट<br>८. अन्यबाट | | |

घ) आयोजनाबाट लाभान्वित हुनेः

१. घरपरिवार संख्याः ........................................ २. जनसंख्याः .............................................

२. समुदायः .....................................................................................................................

३. अन्यः समुदायमा आधारित/गैरसरकारी संस्था ............................................................................

३. **उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाको विवरणः**

क) गठन भएको मितिः

ख) पदाधिकारीको नाम र ठेगानाः (नागरिकता प्रमाणपत्रको नं. र जिल्ला)

| क्र.सं | पद | नाम, थर | ठेगाना | नागरिकता प्रमाणपत्र नं. | जिल्ला |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | | | | |
| २. | उपाध्यक्ष | | | | |
| ३. | कोषाध्यक्ष | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | सचिव | | | | |
| ५. | सदस्य | | | | |
| ६. | सदस्य | | | | |
| ७. | सदस्य | | | | |
| ८. | सदस्य | | | | |
| ९. | सदस्य | | | | |

ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्याः

घ) गठन गर्दा अनुपस्थित लाभान्वितको संख्याः

**४. आयोजना संचालन सम्बन्धी अनुभवः**

**५. उपभोक्ता समिति समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरणः**

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निर्माण सामाग्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोश्रो | | | | |
| तेश्रा | | | | |

**६. आयोजना मर्मत सम्भार व्यहोर्ने व्यवस्था (मासिक, चौमासिक, वार्षिक श्रोत):**

क) मर्मत सम्भारको जिम्मा लिने समिति/संस्थाको नामः ..........................................................................

ख) जन-श्रमदान (श्रमशक्ति संख्या): .........................................   ग) सेवा शुल्कबाट रु. ............................

घ) दस्तुर, चन्दाबाट रु. ...................................   ङ) लागत सहभागिता वा अनुदानबाट रु.............................

च) व्याज वा अन्य वचत रु. .............................

७. अन्य (प्राविधिक र व्यवस्थापन सम्बन्धी) विवरण

क)

ख)

ग)

सम्झौताका शर्तहरु:

१. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्नेछौं ।

२. नगदी, जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा आयोजनाको प्रति विवरण अभिलेख आदि तयार राख्नेछौं ।

३. आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी उपभोक्ता समुहलाई गराई छलफल गरी अर्को किस्ता माग गर्नेछौं ।

४. आयोजनाको कूल लागतभन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन/दिन सहमत छौं ।

५. आयाजना संचालन गर्ने निकायले आयोजना मर्मत सम्भारको पनि व्यवस्था गर्नेछौं ।

६. आयोजनाको सबै काम उपभोक्ता समिति/समुहको निर्णय अनुसार गर्ने गराउने छौं ।

७. आयोजना मिति ................... देखि शुरु गरि मिति ...................... सम्ममा पूरा गर्ने गराउनेछौं ।

८. आयोजनामा आवश्यक प्राविधिक सहयोग जि.वि.स./न.पा.बाट उपलब्ध हुनेछ ।

९. आयोजनासँग सम्बन्धित प्राप्त नगद जिन्सीको दुरुपयोग, हिनामिना वा हानी नोक्सानी गरेमा प्रचलित नियम अनुसार कारवाही हुनेछ ।

१०. सम्झाता पत्रमा जि.वि.स./न.पा.को कार्यालयले दस्तखत गरिसके पछि जि.वि.स./न.पा.बाट आयोजनाको लागि उपलब्ध गराउन मञ्जुर भएको बजेट उपभोक्ता समितिको बैंक खातामा सोझै जम्मा गर्न वा जि.वि.स./न.पा. मार्फत पठाउन सक्नेछ ।

११. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्बन्धित जि.वि.स./न.पा.लाई बुझाउनु पर्नेछ । तर मर्मत सम्भार समितिलाई बुझाएको सामानको विवरणको एक प्रति सम्बन्धित जि.वि.स./न.पा.मा जानकारीको लागी बुझाउनु पर्नेछ ।

१२. उपभोक्ता समितिको पदाधिकारीको नागरिकताको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

१३. उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित बिल भर्पाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति/समुहको निर्णय पुस्तिका आदि कागजात नगरपालिका वा अन्य सरोकारवाला पदाधिकारीले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखा परिक्षण पनि गराउन सकिनेछ ।

१४. उपभोक्ता समितिले पेश्की लिएर लामो समयसम्म आयोजना संचालन नगर्ने ।

१५. आयोजना सम्पन्न भएपछि नगरपालिकाबाट जाँच पास गरी फरफारकको प्रमाणपत्र लिनुपर्नेछ । साथै आयोजना हस्तान्तरण लिई आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नु पर्नेछ ।

१६. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मुल्याङकन गरी बढी भएको रकम सरकारी सरह असुल उपर गर्नुपर्नेछ ।

१७. आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन अनुसूचीको ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा नगरपालिकामा पठाउनु पर्नेछ ।

१८. उपभोक्ता समितिले कार्यक्रम संचालन गर्दा उपभोक्ता समूहको निर्णयकपीको आधारमा गर्ने, आयोजनाका निर्माण कार्य सम्बन्धित स्थानीय निकायको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय श्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्नेछ ।

१९. सम्झौता बमोजिम निर्धारित म्यादभित्र योजना/कार्यक्रम सम्पन्न गर्न नसकी म्याद थप आवश्यक भई उचित कारण सहित निवेदक, उपभोक्ता समूह र उपभोक्ता समितिको निर्णय सहित म्याद थप माग गरेमा सम्झौता बमोजिम कार्यसम्पन्न गर्नुपर्ने अवधि भन्दा बढी नहुने गरी औचित्य हेरी म्याद थप गर्न सकिनेछ । यसरी म्याद थप नगरी भुक्तानी थप नगरी भुक्तानी/पेश्की उपलब्ध हुने छैन ।

२०. उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भर्पाई नगरपालिकाले आवश्यक देखेमा जुनसुकै समयमा पनि कर्मचारी खटाई जाँच गरी प्रतिवेदन लिन सक्नेछ ।

२१. उपभोक्ता समितिबाट संचालित आयोजना सम्पन्न भएपछि सोको संरक्षण, मर्मत सम्भारको जिम्मेवारी सोही उपभोक्ता समितिको हुनेछ ।

२२. सम्झौता बमोजिम योजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागी कार्यसम्पन्न प्राविधिक मुल्याङकन, नापी किताब, प्रमाणीत बिल भर्पाई, योजनाको फोटो सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपी तथा सम्बन्धित न.पा.को वडाको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ ।

२३. कुनै सामग्री खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भर्पाई आधिकारिक व्यक्तिबाट प्रमाणीत गरी पेश गर्नुपर्नेछ ।

२४. मुल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा पाँच हजार रुपैयाँ भन्दा बढी सामग्रीमा अनिवार्य रुपमा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र (VAT) प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेछ, साथै उक्त बिलमा उल्लेखित मु.अ.कर बाहेकको रकममा १.५ प्रतिशत अग्रिम आयकर वापत कर कट्टी गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ ।

२५. आयोजना सम्पन्न भएपछि स्थानीय निकायबाट जाँचपास गरी फरफारक लिनेछौं ।

२६. डोजर, रोलर लगायतका मेशिनरी सामान भाडामा लिएर एवं घर बहालमा लिई बिल भर्पाई पेश भएको अवस्थामा १० प्रतिशत घरभाडा कर एवं बहालकर अनिवार्य लाग्नेछ ।

२७. प्रतिक्षकले पाउने पारिश्रमिकमा १५ प्रतिशत एवं सहभागीले पाउने भत्तामा नियमानुसार कर लाग्नेछ ।

२८. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका सामाग्रीहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति, निकायबाट लागत अनुमान संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ, नगरी कार्य गरेमा उपभोक्ता समिति नै जिम्मेवार हुनेछ ।

२९. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।

**उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैससको तर्फबाटः**

दस्तखतः

नाम, थरः

पदः

ठेगानाः

सम्पर्क नंः

मितिः

दस्तखतः

नाम, थरः

पदः

ठेगानाः

सम्पर्क नंः

मितिः

**नगरपालिकाको तर्फबाटः**

दस्तखतः

नाम, थरः

पदः

ठेगानाः

सम्पर्क नंः

मितिः